लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

पत्र संख्या २०८०/८१
च.नं.

मिति:-२०८०/०७/२०

अनुसूची-१
(दफा ६सँग सम्बन्धित)

**प्रथम पटक सूचना प्रकाशन मिति- २०८०/७/२०**

यस कृषि ज्ञान केन्द्र, पाल्पाको आ.ब. २०८०/०८१को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका ३ वटा कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक (कृषक समुह, सहकारी, कृषि फर्म र कृषि कार्यमा संलग्न समिति, कम्पनी)हरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८०/८/१९ गतेसम्म)मा यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरीएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाइट www.akcpalpa.gov.npबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागी कार्यालयको सम्पर्क नं. ०७५-५२०१४४ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| क्र. सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | बीजबृद्धि कार्यक्रम | • उत्पादन सामग्रीः श्रोत बीउ, सुचीकृत प्राङ्गारिक मल, बिषादि, सुक्ष्म तत्व खरिद। <br>• प्याकेजिङ्ग सामग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद। | • बीजबृद्धि कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा संचालन गर्नु पर्नेः <br>बीजबृद्धि — पहाड (रोपनी): तरकारी बीउ ५; तसुन/प्याज बीउ ५; खाद्यान्न बाली बीउ ६०; दलहन/तेलहन बीउ २०; आलु बीउ पि.बि.एस. १०००; आलु बीउ (अन्य स्तर) २० <br>• एकल वा समुहमा बीउ उत्पादन गर्न सकिने। <br>• सामुहिक बीउ उत्पादन कलष्टरमा गर्नु पर्ने। <br>• बीउबिजन कारोबार गर्ने अनुमति पत्र लिएको हुनु पर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनु पर्ने। <br>• श्रोत तथा प्रमाणित बिउ उत्पादनलाई प्राथमिकता दिइने। | • बीजबृद्धि कार्यक्रमको हकमा प्रोत्साहन स्वरुप देहाय बमोजिम रकम उपलब्ध गराइनेछ। <br>• आलु (पि.बि.एस. प्रति सय दाना) बाट बीउ उत्पादनका रु २५००।- <br>• तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बिउ उत्पादनमा प्रति रोपनी रु ५०००।- <br>• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु. १५००।- अनुदान दिइने। |
| २ | लक्षित समुदाय बिशेष आय आर्जन कार्यक्रम | • बाली/बस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्ने। <br>• तालिम तथा सचेतना । | • कार्यालयले उपयुक्त स्थान छनौट गरी लक्षित समुदायको मागको आधारमा बाली/बस्तु पहिचान गर्नु पर्ने छ। <br>• लक्षित बर्ग विशेष आर्थिक रुपमा बिपन्न मुक्त कमैया/कम्लहरी, भूमिहिन, मुसहर, चिडिमार, पासी, मँगता, नटुवा, गडरिया, बादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल आदि सिमान्तकृत बर्गलाई प्राथमिकता दिनु पर्ने। <br>• लक्षित समुदायमा कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम संचालन हुनु पर्ने। | प्रति परिवार अधिकतम रु २० हजार बराबरको बस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ३ | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन | • बीउ/बिरुवा तथा अन्य उत्पादन सामग्री सहयोग | • कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी/सहभागी हुन सक्ने। <br>• देहाय बमोजिमको मापदण्ड अनुसार Cluster approach मा क्षेत्रफल बिस्तार गर्नु पर्ने। | • कार्यालयले बीउ/बिरुवा खरिद गरी शत प्रतिशत सहयोग उपलब्ध गराउन सक्नेछ र बाँकी रकम आवश्यकताका |

लुम्बिनी प्रदेश सरकार
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**पाल्पा**

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रम</th><th>संचालन गर्न सकिने क्रियाकलापहरु</th><th>न्युनतम मापदण्ड</th><th>अनुदानको सीमा</th></tr>
<tr><td></td><td>क्षेत्र विकास कार्यक्रम( (तरकारी र सुन्तलाजात फलफूल)</td><td>• क्षमता अभिबृद्धि<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा<br>• प्रशोधन तथा बजारीकरण सहजिकरण।</td><td><table><tr><th>क्र. सं.</th><th>बाली</th><th>क्षेत्रफल हे. /कलष्टर संख्या</th><th>बजेट रु लाखमा</th></tr><tr><td>१</td><td>तरकारी</td><td>२० (५कलष्टर)</td><td>२०</td></tr><tr><td>२</td><td>सुन्तला जात फलफूल</td><td>१० (बढीमा ५ कलष्टर)</td><td>१७</td></tr></table>• नोटः<br>• तोकिएको क्षेत्रफलको कम्तिमा ८० प्रतिशत पुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्ने छ।<br>• कार्यालयले प्राविधिक टोली गठन गरी अनुसुची-७ बमोजिमको मापदण्ड र प्राथमिकीकरण सुचीको आधारमा स्थगत अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रम स्थल छनौट गर्ने।<br>• कार्यालयले स्थानीय तहमा कार्यरत करार सेवाको एक जना कृषि प्राविधिकलाई स्थलगत रुपमा खटाउन सक्ने<br>• आवश्यक परेमा निर्देशनालयले थप बिस्तृतिकरण गर्न सक्नेछ।</td><td>आधारमा प्रति हेक्टर रु ५ हजार नबढ्ने गरी अन्य उत्पादन सामग्रीका लागी खर्च गर्न सकिनेछ।<br>• क्षमता बिकास/बजारिकरण समन्वयमा प्रति बाली रु १ लाख नबढ्ने गरी खर्च गर्न सकिनेछ।</td></tr>
</table>

• संलग्न गर्नु पर्ने कागजातहरु

१. प्रस्तावकको निवेदन (अनुसुची २ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर, प्रमाणपत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पुर्ब पेश गर्नु पर्ने।
५. कार्यक्रम संचालनको लागी व्यवसायिक कार्य योजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) अनुसुची ३ बमोजिम र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पुर्बाधारको हकमा लागत अनुमान।
१०. पुर्बाधार निर्माणको हकमा जग्गाधनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १५ वा तोकिएको अवधिको करार पत्र।

............
कल्पना अधिकारी
प्रमुख